

# ११ आशाको निम्ति जिउने एडभेन्टिस्ट

***यस अध्यायका मूल पदहरू*:** लूका १८:१-८, मत्ती २४-२५, १ कोरन्थी १५:१२-१९, उपदेशक ८:१४,१२:१३,१४, प्रकाश २१:१-५ र २२:१-५।

***यस अध्यायको मूल सार पद*:** **"यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो। प्रभुको काममा सधैं बढ्दैजाओ। किनकि तिमीहरू जान्दछौ, कि प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन।" (१ कोरिन्थी १५:५८)।**

इसाई आस्थामा एक अचम्मको वास्तविकता छः त्यो हो स्वर्ग वा परमेश्वरको राज्यको अनुभव केवल भविष्यमा हुनेमात्र होइन तर अहिले नै महसुस गर्नु हो। येशूले लूका ४:१८,१९मा आफू आउने दिनको संकेत गरिसक्नुभएपछि उहाँले यो घोषणा गर्नुभयोः "तब उहाँले तिनीहरूलाई भन्नुभयो, "आज धर्मशास्त्रको यो वचन तिमीहरूले सुन्दासुन्दै पूरा भएको छ।" (लूका ४:२१)। त्यही घोषणालाई चेलाहरूलाई सुम्पिएर येशूले चेलाहरूलाई सहरहरूमा पठाउनुभएको थियो। यो सुसमाचार पहिला यहूदीहरूले सुन्न अवसर पाएका थिए। सुसमाचार प्रचार गर्दै अरूको सेवा गर्दै परमेश्वरको राज्य आइसकेको छ भनेर सुनाउने जिम्मा चेलाहरूलाई दिइएको थियो। त्यो पनि चेलाहरूले किनबेच गरेर वा आफूहरूले कुनै विधिविधान पालन गरेर होइन तर तिनीहरूलाई सित्तैंमा उपलब्ध गराइएकोले हो र सित्तैंमा बाँड्न येशूले अऱ्हाउनुभएको थियो (मत्ती १०:५-८ "५ येशूले यी बाह्र चेलालाई यसो भनी आज्ञा दिएर पठाउनुभयो, "अन्यजातिहरूका माझमा नजाओ, र सामरीहरूका सहरमा नपस। ६ तर इस्राएल जातिका हराएका भेड़ाहरूकहाँ जाओ। ७ 'स्वर्गको राज्य नजिकै आइपुगेको छ,' भन्दै प्रचार गर। ८ बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जीवित पार, कुष्ठ-रोगीहरूलाई शुद्ध पार, भूतहरूलाई निकाल। तिमीहरूले सित्तैंमा पायौ, सित्तैंमा देओ")। तर येशू एउटा कुरोमा

स्पष्ट हुनुभएको थियोः उहाँको राज्य "यस संसारको होइन" (यूहन्ना १८ः३६) तर छुट्टै खालको र त्यसले पूर्णता पछि पाउनेछ। उहाँको मानव अवतार,सेवाकार्य, मृत्यु र पुनरुत्थानले परमेश्वरको राज्यको उद्घाटन गर्दथ्यो, तर येशू त्यस समयको प्रतिक्षामा हुनुहुन्थ्यो शैतानको रणभूमि भएको यस संसारबाट उसलाई हटाएर उहाँको राज्य स्थापना हुनेछ र यस पृथ्वीमा शासन गर्ने पूर्णता परमेश्वरले पाउनुहुनेछ।

एडभेन्टिस्टहरू ती मानिसहरूको समूह हो जसले त्यस पूर्ण राज्यको निम्ति पर्खेर बसेकाहरू हुन्छन्। तिनीहरू आशाका जनहरू हुन्। तर त्यो आशा केवल भविष्यमा नयाँ संसारमा पाक्ने फलमात्र होइन। जब आशा भविष्यतिर हेरिरहन्छ बर्तमान आशामा पनि आमूल मौलिक परिवर्तन ल्याउँदछ। यही आशामा बर्तमान जीवन जिउँछौं साथै भविष्यको अपेक्षा पनि गर्दछौं। अहिले हामी कसरी जिउँछौं त्यसले भविष्यको नयाँ संसारमा हामी सुहाउँदो वा योग्य हुन्छौं कि हुँदैन भनेर देखाउँछ (अर्थात् वर्तमान जीवन भविष्यको निम्ति तयार हुने तालिम गर्ने थलो हो)।

## १. "कहिलेसम्म हे प्रभु?"

बाइबलमा मानिसहरूको पीडित अवस्थालाई खुलेयाम वर्णन गरिएको छ। दासत्वको जीवन बिताइरहेका, शोषक वर्गका मारमा परेका मानिसहरूको क्रन्दन, विदेशमा प्रवासी जीवन बिताउन व्याध्य परेकाहरूको शोक, थिचोमिचोमा परेकाहरूको उकुसमुकुस, गरिब, विपन्न, दलित भनेर तिरस्कृत गरिएकाहरूको चित्कार, अन्याय र अत्याचारको भूमरीमा परेकाहरूको कष्टकर जीवन र वियोगमा घचेटिएका कुरा मानिसहरूको चित्कारले परमेश्वरको हस्तक्षेपलाई बारम्बार चिच्याइरहेको बाइबलमा पाइन्छ। ती दुःख पनि परमेश्वरकै जनहरूको हो भनेर बाइबलले लुकाएको छैन। इजिप्टमा दासत्व जीवन बिताउनु पर्दा, बेबिलोन वा आधुनिक इराकमा बन्धक रहनुपर्दा र अरू धेरै दुःखको सामना गर्नुपर्दा परमेश्वरका जनहरूले उहाँसँग आफूहरूको दुःख हेर्न र गल्ती गर्दा पाइरहेको दुःखलाई ठीक पार्न रोइकराइ गर्दथे। त्यस्तो परिस्थितिमा परमेश्वर चुप लाग्नुभएको थिएन र उहाँले आफ्ना जनहरूको रुवाइ सुनेर बारम्बार तिनीहरूलाई उद्धार गर्नुभएको र पुनर्स्थापना गर्नुभएको कहानीहरू बाइबलमा जताततै पाउन सक्छ। अझ कतिपय समयमा त परमेश्वरका जनहरूका शत्रुहरू र तिनीहरूलाई शोषण गर्ने शोषित

शासकहरूको बिरुद्धमा उहाँको क्रोध खनिएको वयान पनि बाइबलमा उल्लेख गरिएको छ।

तर परमेश्वरकै जनहरूको क्रन्दन सुनेर तिनीहरूलाई परमेश्वरले हस्तक्षेप गरि उद्धारका कामहरू प्रायजसो केवल छोटो समयको निम्ति मात्र भएका थिए। मानिसहरू पापमा चिप्लिएर बारम्बार परमेश्वरबाट टाढा भएका थिए। उहाँले आफ्ना अगमवक्ताहरूद्वारा आम मानिसहरूलाई परमेश्वरको बाटोमा हिंडिरहन अनुरोध गर्नुभएको थियो। कुनै दिन पाप र दुष्टतालाई परमेश्वरले हस्तक्षेप गरेर अन्त गर्नुहुनेछ र पीडितहरूलाई उचाल्नु हुनेछ भनेर उहाँले आफ्ना अगमवक्ताहरूद्वारा बचनवद्ध गर्नुभएको थियो। तर तिनीहरूको पाप, अधर्म गर्ने प्रवृत्तिप्रति अगमवक्ताहरूले दिक्क मानेर निरन्तररूपमा कराएका थिए, "कहिले सम्म, हे प्रभु?" इस्राएलीहरूको निर्वासित जीवन बिताएर कष्ट भोगिरहेका दृश्य देखेर परमेश्वरकै स्वर्गदूतले उहाँसँग यो दुखेसो पोखाएका थिए, "हे शक्तिशाली परमप्रभु, तपाईंको करुणा कहिलेसम्म थामी वा रोकि राख्नुहुन्छ?" (जकरिया १:१२ रूपान्तरित)।

पापी, अधर्मी, दुष्ट, अत्याचारी, भ्रष्टाचारी, ठगहरूको फलिफाप र तिनीहरूको हालिमुहाली तर धर्मीहरू प्रति गरिरहेको दुर्व्यवहार, शोषण र विपन्न तथा गरिबहरूमाथि भइरहेको अत्याचार र अन्यायको चित्कारहरू भजनसंग्रहमा जताततै फैलिएका छन्। ती बेथिति र अत्याचारले भरिन यो पृथ्वी परमेश्वरले सृष्टि गर्नुभएको होइन, त्यसलाई पुननिर्माण गर्ने परमेश्वरको योजनालाई छिट्टो पूरा गर्न अगमवक्ताहरूले बारम्बार कराएका थिए। उदाहरणमा, हेर्नुहोस् " १ हे परमप्रभु, प्रतिशोध लिनुहुने परमेश्वर, बदला लिनुहुने हे परमेश्वर, आफ्नो ज्योति प्रदर्शित गर्नुहोस्। २ हे पृथ्वीका न्यायाधीश, उठ्नुहोस्, अहङ्कारीहरूलाई तिनीहरूका कर्मको प्रतिफल दिनुहोस्। ३ हे परमप्रभु, दुष्टहरू कहिलेसम्म रमाउने, कहिलेसम्म दुष्टहरू उल्लसित हुने? ४ तिनीहरू हठी कुरा गर्छन्, सबै कुकर्मीहरू अहङ्कारले भरिएका छन्। ५ हे परमप्रभु, तिनीहरूले तपाईंका प्रजालाई मिच्दछन्, र तपाईंको उत्तराधिकारका मानिसहरूलाई सताउँछन्। ६ तिनीहरूले विधवा र विदेशीहरूको हत्या गर्दछन्, र अनाथहरूलाई मार्दछन्। ७ तिनीहरू भन्छन्, "परमप्रभुले देख्नुहुन्न, याकूबका परमेश्वरले वास्ता गर्नुहुन्न।" ८ मानिसहरूका माझमा ए विवेकहीन हो, विचार गर, ए मूर्ख हो, तिमीहरू कहिले बुद्धिमान् हुने? ९ जसले कान दिनुभयो, के उहाँ सुन्नुहुन्न र? जसले आँखा सृजनुभयो, उहाँले देख्नुहुन्न र? १० जसले जाति-जातिलाई ताड़ना

दिनुहुन्छ, के उहाँले दण्ड दिनुहुन्न र? मानिसलाई शिक्षा दिनुहुनेलाई बुद्धिको अभाव हुन्छ र? ११ परमप्रभुले मानिसका विचारहरू जान्नुहुन्छ, तिनीहरू त निरर्थक हुन् भनी उहाँ जान्नुहुन्छ।" (भजनसंग्रह ९४:१-११)।

अझ भन्ने हो भने सबै मानव प्राणीको न्याय भएको हेर्नचाहने न्यायी परमेश्वरका जनहरूले अन्याय, अत्याचार सहनुपर्दा झन कठित भएको सबैले महसुस गरेका छन्। संसारमा भएका दुष्ट र खराब तत्वहरूप्रति परमेश्वरका जनहरू अधैर्य हुने भावना सधैं भइनै रहन्छ, अनि परमेश्वर चुप लागिरहुनभएको जस्तो देख्दा तिनीहरू दिक्क मान्नु स्वभाविकै हो। त्यसकारण कहिलेकाहीं अगमवक्ताहरूले परमेश्वरसँग झोकिभएर जवाफ पनि माग्न पुगेको देखिन्छः "हे प्रभु, तपाईंको सहायता मागिरहेको छु तर मैले कहिलेसम्म पर्खिने? तर तपाईंले त सुन्नै भएको छैन। 'अन्याय अत्याचार भयो, हिंसा आतङ्क असह्य भयो, तर तपाईंले त वास्तै गर्नुभएको छैन!" (हबकूक १:२ रूपान्तरित)। यस्तै खालको चिच्याहत वा क्रन्दन नयाँ करारमा पनि उल्लेख गरिएको छ। सारा सृष्टि बच्चा पाउन बेथा लागेको स्त्री जस्तै पीडामा छ भनेर चित्रण गरेको छ। उद्धार गर्न र पुनसृष्टि गर्न यस सृष्टि चित्कार गरिरहेको छ भनेर पावलले यस संसारको नाजुक अवस्थाको बारेमा यसरी चित्रण गर्दछन् " १८ म विचार गर्दछु, कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन्। १९ सृष्टि बड़ो उत्कण्ठाले परमेश्वरका पुत्रहरू प्रकट हुने कुराको प्रतीक्षा गर्छ। २० सृष्टि व्यर्थताको वशमा पारियो, त्यसको आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले, जसले त्यसलाई वशमा पार्नुभयो, यसै आशामा, २१ कि सृष्टि त्यसको आफ्नै विनाशको बन्धनबाट मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ। २२ हामी जान्दछौं, सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाको आर्तनाद गरिरहेछ। २३ सृष्टि मात्र होइन, तर हामी आफै पनि, जसमा पवित्र आत्माको पहिलो फल छ, सन्तानको रूपमा ग्रहण गरिनलाई, अर्थात् हाम्रो देहको उद्धारको निम्ति प्रतीक्षा गरेर हामी आफै पनि भित्र-भित्रै आर्तनाद गर्दछौं। २४ किनकि यही आशामा हामीले मुक्ति पाएका थियौं। अब देखिनेचाहिँ आशा त आशा नै होइन। किनकि देखेका कुराको आशा कसले गर्छ र? २५ तर यदि हामी आफूले नदेखेका कुराको आशा गर्छौं भने, धैर्यसाथ हामी त्यसको प्रतीक्षा गर्छौं। परमेश्वरमाथि आस्था राखेको कारणले अनगिन्ति शहीदहरूको आर्तनाद वा चित्कार पनि उहाँमाथि गइरहेको

प्रकाश ६:१०ले यसरी प्रस्तुत गर्दछः " अनि तिनीहरूले यसो भनेर चर्को सोरले कराए, "हे सर्वशक्तिमान् पवित्र र सत्य प्रभु, अझै कहिलेसम्म तपाईंले पृथ्वीमा रहनेहरूको इन्साफ गर्नुहुन्न र हाम्रो रगतको बदला लिनुहुन्न?" हो, त्यो त्यही क्रन्दन वा आर्तनाद हो जुन परमेश्वरका सताइएका र पीडितहरूले अहिले पनि गरिरहेका छन्।

परमेश्वरका जनहरूको बारम्बार प्रार्थना र आर्तनादहरूको जवाफमा येशूले के भन्नुभएको छ? लूका १८:१-२७मा उल्लेख गरिएको अर्तीकथाले हामीलाई परमेश्वरमाथि भरोसा, आस्था र विश्वास राखिरहनु किन जरुरी छ भनेर देखाउँछ? पढ्नुहोस्: " १ तिनीहरू सधैं प्रार्थना गरिरहून् र निराश नहोऊन् भन्ने हेतुले उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयोः २ "कुनै एउटा सहरमा परमेश्वरको भय नमान्ने र मानिसको वास्ता नगर्ने एक जना न्यायाधीश थिए। ३ त्यसै सहरमा एउटी विधवा थिई। त्यो तिनीकहाँ आइरहन्थी, र भन्थी, 'मेरो वादीको अगि मेरो न्याय गरिदिनुहोस्।' ४ "तिनले केही समयसम्म त मानेनन्, तर पछिबाट तिनले आफ्नो मनमा भने, 'म परमेश्वरको डर मान्दिनँ। मानिसको वास्ता पनि गर्दिनँ। ५ तर यस विधवाले मलाई हैरान पारेकी हुनाले म त्यसको न्याय गरिदिनेछु, नत्रता तिनी एकोहोरो आएर मलाई वाक्क बनाउनेछे'।" ६ प्रभुले भन्नुभयो, "सुन, ती अधर्मी न्यायाधीशले के भन्दछन्। ७ के परमेश्वरले उहाँलाई रातदिन पुकार्ने आफ्ना चुनिएकाहरूको न्याय गरिदिनुहुन्न र? के उहाँले तिनीहरूका निम्ति बियाँलो गर्नुहुन्छ र? ८ म तिमीहरूलाई भन्दछु, उहाँले चाँड़ै नै तिनीहरूको न्याय गरिदिनुहुनेछ। तापनि मानिसको पुत्र आउँदा के उसले पृथ्वीमा विश्वास भेट्टाउनेछ र?" ९ आफैमाथि भरोसा राख्नेहरू र आफैलाई धर्मी ठानी अरूहरूलाई तुच्छ ठान्नेहरू कसै-कसैलाई उहाँले यो दृष्टान्त सुनाउनुभयोः १० "दुई जना मानिस प्रार्थना गर्न मन्दिरमा गए– एक जना फरिसी र अर्कोचाहिँ कर उठाउने। ११ फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गऱ्यो, 'हे परमेश्वर, म तपाईंलाई धन्यवाद दिन्छु, म अरू मानिसहरूजस्तो धुताहा, अन्यायी, व्यभिचारी, अथवा यही कर उठाउनेजस्तो पनि छैनँ। १२ म हप्तामा दुई पल्ट उपवास बस्तछु। मैले पाएका सबै थोकको दशांश म दिन्छु।' १३ "तर कर उठाउनेचाहिँ टाढ़ै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, 'हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!'

१४ "म तिमीहरूलाई भन्दछु, योचाहिँ मानिस त्यस अर्काभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो। किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ।" १५ येशूले छोइदेऊन् भनी मानिसहरूले शिशुहरूलाई उहाँकहाँ ल्याए। तर चेलाहरूले यो देखेर तिनीहरूलाई हप्काए। १६ येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक। किनभने परमेश्वरको राज्य यस्तैहरूको हो। १७ साँच्चै म तिमीहरूलाई भन्दछु, जसले एउटा बालकले जस्तै परमेश्वरको राज्यलाई ग्रहण गर्दैन, त्यो कुनै रीतिले त्यसभित्र प्रवेश गर्नेछैन।" १८ कोही एक जना शासकले येशूलाई यसो भनेर सोधे, "हे असल गुरु, अनन्त जीवन पाउनलाई म के गरूँ?" १९ येशूले तिनलाई भन्नुभयो, "तिमी मलाई किन असल भन्दछौ? एक परमेश्वरबाहेक कोही असल छैन। २० तिमी आज्ञाहरू त जान्दछौः 'व्यभिचार नगर्नू, हत्या नगर्नू, नचोर्नू, झूटा गवाही नदिनू, आफ्ना बुबा र आमाको आदर गर्नू'।" २१ तिनले भने, "यी सब त मैले मेरो युवावस्थादेखि नै पालन गरेको छु।" २२ यो सुनेपछि येशूले तिनलाई भन्नुभयो, "तिमीलाई अझ एक कुराको अभाव छ। तिमीसँग भएका जे जति छन् ती सबै बेचेर गरीबहरूलाई बाँड़िदेऊ, र तिमीलाई स्वर्गमा धन हुनेछ, र आऊ, र मेरो पछि लाग।" २३ तर यी कुरा सुनेर ती शासक अति उदास भए, किनभने तिनी अत्यन्तै धनी थिए। २४ अनि येशूले तिनलाई हेरेर भन्नुभयो, "धन-सम्पत्ति हुनेहरूलाई परमेश्वरको राज्यभित्र प्रवेश गर्नु अति गाह्रो छ, २५ किनभने धनी मानिसलाई परमेश्वरको राज्यमा प्रवेश गर्नुभन्दा त ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुन्छ।" २६ अनि सुन्नेहरूले भने, "तब कसको उद्धार हुन सक्छ त?" २७ उहाँले भन्नुभयो, "मानिसहरूका लागि जे असम्भव छ, त्यो परमेश्वरको लागि सम्भव छ।"

## २. एउटा निर्णायक निश्चित आशा

धर्म भनेको बर्तमान जीवनलाई अन्यौल तथा अपरिचित बनाइ राख्ने तत्व हो र विश्वासीहरूलाई मरेपछिको जीवनमा असल स्थान दिने आशामामात्र झुण्ड्याइ राख्ने थलो हो भनेर कतिपय मानिसहरूले धर्मको बारेमा आलोचना गर्छन्। यो आलोचना एकदम बेठिक भन्न मिल्दैन। किनभने कतिपय मानिसहरू धर्मको नाउँमा आफूहरूलाई संसार र समाजबाट अलग राख्छन्। आफू अरूभन्दा पवित्र छु र आफ्नो दाजोमा नआउने मानिसहरू चोखो छैन

त्यसकारण त्यसबाट भाग्नुपर्छ वा लुकेर बस्नुपर्छ भन्ने मनस्थिति कतिपय धर्मले सिकाएको देखिन्छ। यस मनस्थितिले गर्दा समाज र संसारले पाउनुपर्ने ती मानिसहरूको गुण, सहयोग र फाइदाबाट ती समाज र संसार बंचित भएर बस्न बाध्य भएको हुन्छ। कतिपय समयमा येशूलाई विश्वास गर्छु र उहाँको पाइलमा हिंड्छु भन्नेहरूले नै त्यस आलोचनाको निम्ति ढोका खोलिरहेका हुन्छन्। आफ्नो जीवनमार्फत् (इसाई सन्यासी धारण गर्ने प्रवृत्ति), त्यसै अनुसार शिक्षादीक्षा दिएर र अरूलाई पनि आफूले सबै थोक त्यागेको कारणले तिनीहरूलाई पनि त्याग्न उस्काएर संसारको वास्तविक जीवनबाट अलग्याउन खोज्दछन्। (अर्थात् संसारले पाउनुपर्ने तिनीहरूको धन्, दक्षता, बरदान, लगनशीलता, दान, पीडित वर्गको उत्थानको निम्ति प्रयास आदितिर लाग्न आफूहरूको नैतिक जिम्मेवारी नभएको तिनीहरू ठान्दछन्। धर्मको नाउँमा आफूले दिनसक्ने सामाजिक देनलाई बिलाइ राख्ने प्रवृत्ति दुर्भाग्यपूर्ण मान्नुपर्छ- अनुवादकको व्यक्तिगत धारणा)।

फेरि कतिपय समयमा ईसाइ धर्मका गुरु वा अगुवा वर्गहरूले नै गरिब, बिपन्न वर्ग, शोषित, पीडित, कष्ट भोगिरहेकाहरूलाई जस्ताको त्यस्तै स्वीकार्नु अनिवार्य छ किनभने जब येशू आउनुहुन्छ तब सबै ठिक हुनेछ भनेर तिनीहरूले सान्त्वनाका वचनहरूमात्र दिएर तिनीहरूलाई मख्ख पार्न खोज्दछन्। हाम्रो संसार पतित छ, टुटेको छ, वियोगै वियोगले भरिएको छ, पीडितै पीडितहरूको थलो बनेको छ, त्यसकारण यस संसारलाई परमेश्वरले ठिक ठाउँमा ल्याउनुहुनेछ भन्ने आशामा रहनुलाई गलतै भन्न मिल्दैन। जब येशू आउनुहुनेछ, यस संसामा भएका अन्याय, अत्याचार, आतङ्क, दुःखकष्ट, शोक, पीडालाई हरण गर्नुहुनेछ र यस अव्यवस्थित संसारलाई उहाँको महिमित र धार्मिक राज्यले व्यवस्थित ढँगले शासन गर्नुहुनेछ, यो कुनै मनगडन्ते कुरा नभएर बाइबलले सिकाएको सत्य आत्मज्ञान हो। निचोडमा भन्ने हो भने यदी हामीमा त्यो आशा र प्रतिज्ञा छैन भने हामीमा हुनुपर्ने आशा आशा नै हुँदैन र यस संसारमा उचित, धर्मपरायण जीवन जिउनुको औचित्य पनि रहँदैन।

युगको अन्तमा हुने घट्नाहरूको वर्णन गर्दै (मत्ती २४ र २५) संसारमा भइरहने अमान्य जीवन, खराब तत्व आदिबाट भाग्नु जरुरी छ भनेर येशूले प्रवचनको पहिलो आधा भागमा विस्तृत विवरण दिनुभएको थियो। अझ उहाँले उहाँको प्रवचनको एक बिन्दुमा पुऱ्याएर भन्नुभयो, "ती दिनहरू नछोट्याइएकोभए कोही पनि बाँच्नेनथे" भनेर खुलासा गर्नुभएको थियो (मत्ती

२४:२२ रूपान्तरित)। तर उहाँको यो प्रवचनको भाग परमेश्वरका प्रतिज्ञाहरूको महत्त्वपूर्णतालाई व्याख्या गर्ने परिचय वा जानकारीमात्र थियो। इसाईहरूले भविष्यको आशालाई मध्यनजर राख्ने क्रममा आफूहरूलाई संसारबाटै अलग राख्नुपर्ने धारणालाई जोड दिनुभनेको येशूले के औँल्याउन खोज्नुभएको ज्ञानबाट आफूलाई बंचित राख्न खोज्नु हो।

**मत्ती २४ र २५ अध्यायमा उल्लेख गरिएको येशूको प्रवचनमा धेरै महत्त्वपूर्ण विषयहरू कोरिएका छन्। उहाँको आगमनलाई पर्खिँदै गर्दा हामीले कसरी जीउनुपर्छ भनेर ती प्रवचनहरूले हामीलाई कसरी सिकाउँछन्? के उहाँ आउँदै हुनुहुन्छ त्यसकारण हामीले केही नगरि सन्यासी जीवन बिताइरहनु पर्छ भन्ने मनशाय येशूको हो त? उहाँले भन्नुभएको विषयवस्तुलाई आफ्नै सरल भाषामा सारांश लेख्नुहोस्।** हेर्नुहोस्: मत्ती २४ "१ त्यसपछि येशू मन्दिरबाट निस्केर जान लाग्नुहुँदा उहाँका चेलाहरू उहाँलाई मन्दिरका भवनहरू देखाउन भनी उहाँको नजिक आए। २ तर उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूले यी सब देख्छौ, होइन त? साँच्चै, म तिमीहरूलाई भन्छु, 'एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, प्रत्येक भत्काएर फालिनेछ।" ३ येशू जैतून डाँड़ामा बस्नुहुँदा चेलाहरू एकान्तमा उहाँकहाँ आएर सोधे, "हामीलाई भन्नुहोस्, यी कुरा कहिले हुनेछन्, र तपाईंको आगमन र यस युगका अन्त्यको चिन्ह के हुनेछ?" ४ तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ५ किनभने धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ' भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन्। ६ तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन। ७ किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्। ८ तर यी सब त प्रसववेदनाको सुरु मात्र हो। ९ "तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन्, र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्। १० तब धेरै जना भड्केर जानेछन्, र ठेस खानेछन्, र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ। ११ धेरै झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्। १२ दुष्टता बढ़ेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ। १३ तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ। १४ अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ। १५

"यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक पवित्रस्थानमा खड़ा भएको देखौला (पाठकले बुझोस्), १६ तब यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून्। १७ कौसीमा हुनेहरू आफ्ना घरमा भएका सामान निकाल्नलाई तल नझरून्। १८ खेतबारीमा हुने आफ्नो खास्टो लिन फर्की नआऊन्। १९ हाय! गर्भवतीहरू र दूध खुवाउनेहरूलाई ती दिनमा। २० तर हिउँदमा वा शबाथमा तिमीहरू भाग्न नपरोस् भनी प्रार्थना गर। २१ किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्‌को सुरुदेखि अहिलेसम्म भएको छैन, न त फेरि कहिल्यै हुनेछ। २२ ती दिन नघटाइएका भए कोही मानिस बाँच्न सक्नेथिएन, तर चुनिएकाहरूका निम्ति ती दिन घटाइनेछन्। २३ तब तिमीहरूलाई कसैले 'हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्' भन्यो भने विश्वास नगर। २४ किनकि झूटा ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्। २५ याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु। २६ "यदि तिनीहरूले तिमीहरूलाई 'हेर, उनी उजाड-स्थानमा छन्' भनी भन्छन् भने बाहिर निस्केर नजाओ। अनि 'हेर, उनी भित्री कोठाहरूमा छन्' भने पनि विश्वास नगर। २७ किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ। २८ जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू पनि जम्मा हुन्छन्।

२९ "ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा आकाशका शक्तिहरू हल्लाइनेछन्। ३० तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्। ३१ उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्। ३२ "तर अञ्जीरको रूखबाट एउटा शिक्षा लेओः जब त्यसका हाँगा कलिला हुन्छन् र रूखले पालुवा फेर्छ, तब ग्रीष्म ऋतु आएछ भनी तिमीहरू थाहा पाउँछौ। ३३ त्यसरी नै तिमीहरूले पनि जब यी सबै कुरा भएका देख्नेछौ, तब ऊ नजिकै, ढोकामै छ भनी जान। ३४ साँच्चै, म तिमीहरूलाई भन्दछु, कि यी सबै पूरा नहोउञ्जेल यो पुस्ता बितिजानेछैन। ३५ स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन्। ३६ "तर त्यस

दिन र घड़ीको विषयमा पिताबाहेक कसैले जान्दैन, न त स्वर्गका दूतहरूले, न
पुत्रले। ३७ मानिसको पुत्रको आगमन नोआको दिनहरूजस्तै हुनेछ। ३८
किनकि जसरी जलप्रलयभन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिनसम्म, मानिसहरू
खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका थिए, ३९ अनि जलप्रलय आएर
तिनीहरू सबैलाई स्वात्तै बगाइ नलगेसम्म तिनीहरूले थाहा पाएनन्। मानिसको
पुत्रको आगमन पनि त्यस्तै हुनेछ। ४० त्यस बेला दुई जना खेतबारीमा
हुनेछन्, एक जना लगिनेछ, अर्को छोडिनेछ। ४१ दुई स्त्रीहरू जाँतो पिँधिरहेका
हुनेछन्, एउटी लगिनेछ, अर्की छोडिनेछ। ४२ “यसकारण जागा रहो, किनकि
कुन दिन तिमीहरूको प्रभु आउनेछ, सो तिमीहरूले जान्दैनौ। ४३ तर यो जान,
कि घरको मालिकले चोर रातको कुन पहरमा आउँछ भनी जानेको भए, ऊ
जागो रहनेथियो, र आफ्नो घर फोर्न दिनेथिएन। ४४ यसकारण तिमीहरू पनि
तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ। ४५
“विश्वासी र बुद्धिमान् नोकर को हो, जसलाई त्यसको मालिकले आफ्ना
परिवारका चाकरहरूलाई ठीक-ठीक समयमा खान देओस् भनी खटाएको हुन्छ?
४६ त्यो नोकर धन्य हो, जसलाई मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछ।
४७ साँच्चै, म तिमीहरूलाई भन्दछु, मालिकले त्यसलाई आफ्नो सारा सम्पत्तिमाथि
जिम्मेवार नियुक्त गर्नेछ। ४८ तर यदि त्यस दुष्ट नोकरले ‘मेरा मालिक
बियाँलो गर्छन्’ भनी मनमा ठानी, ४९ आफूसँगै काम गर्ने नोकरहरूलाई पिट्न र
मतवालाहरूसँग खान र पिउन लाग्यो भने, ५० त्यस नोकरको मालिक त्यसले
नचिताएको दिन र नजानेको घड़ीमा आइपुग्नेछ। ५१ अनि मालिकले त्यसलाई
कठोर दण्ड दिनेछ र त्यसलाई ढोंगीहरूका माझ फालिदिनेछ, जहाँ मानिसहरू
रुनेछन् र दाह्रा किट्नेछन्।” र मत्ती २५ "१ “तब स्वर्गको राज्य दश
कन्याहरूसँग तुलना गर्न सकिन्छ। तिनीहरूले आ-आफ्नो बत्ती लिएर दुलहालाई
भेट्न निस्के। २ तीमध्ये पाँच जना निर्बुद्धि र पाँच जनाचाहिँ बुद्धिमती थिए। ३
किनकि जब निर्बुद्धिहरूले आफ्ना बत्ती लगे, तब तिनीहरूले साथमा तेलचाहिँ
लगेनन्। ४ तर बुद्धिमतीहरूले चाहिँ आफ्ना बत्तीसँगसँगै पात्रमा तेल पनि लगे।
५ दुलहाले बियाँलो गर्दा ती सबै निद्राले लट्ठ भए र निदाए। ६ “तर
मध्यरातमा ‘हेर दुलहा, उनलाई भेट्न आओ,’ भन्ने आवाज आयो। ७ “तब ती
सबै कन्याहरू ब्यूँझे, र आफ्नो-आफ्नो बत्ती ठीकठाक पारे। ८ निर्बुद्धि
कन्याहरूले बुद्धिमतीहरूलाई भने, ‘तिमीहरूको तेलबाट हामीलाई अलिकता देओ,
किनभने हाम्रा बत्ती त निभ्न लागे।’ ९ “तर बुद्धिमतीहरूले यसो भनेर जवाफ

दिए, 'हामी र तिमीहरू दुवैलाई पुग्ने यथेष्ट तेल छैन होला, बरु पसलेकहाँ जाओ र आफ्नो लागि किन।' १० "तिनीहरू किन्न जाँदा दुलहा आइपुगे, र तयार हुनेहरू उनीसँग विवाहको भोजमा भित्र पसे, र ढोका बन्द भयो। ११ "पछिबाट ती अरू कन्याहरू आइपुगे र यसो भन्न लागे, 'प्रभु, प्रभु, हाम्रा लागि खोलिदिनुहोस्!' १२ "तर उनले जवाफ दिएर भने, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई चिन्दिनँ।' १३ "यसकारण जागा रहो, किनकि त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन। १४ "किनकि योचाहिँ कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा आफ्ना नोकरहरूलाई बोलाई आफ्नो धन-सम्पत्ति तिनीहरूलाई जिम्मा दिए। १५ तिनले हरेकलाई तिनीहरूका आ-आफ्नो योग्यताअनुसार एउटालाई पाँच सुनका सिक्का, अर्कालाई दुई र अर्कालाई एक दिएर तिनी गइहाले। १६ तब पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाईकन अरू पाँच सिक्का कमायो। १७ त्यसरी नै दुई सिक्का पाउनेले पनि अरू दुई कमायो। १८ तर एक सिक्का पाउनेले चाहिँ गएर भूइँ खनेर आफ्ना मालिकको धन लुकाइराख्यो। १९ "धेरै दिनपछि ती नोकरहरूका मालिक आए, र तिनले तिनीहरूसँग हिसाब मागे। २० तब पाँच सुनका सिक्का पाउने नोकरले अरू पाँच सिक्का ल्याई अगाडि आएर यसो भन्यो, 'हजूर, तपाईंले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू पाँच सिक्का कमाएको छु।' २१ "मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो।' २२ "दुई सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, तपाईंले मलाई दुई सिक्का दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू दुई सिक्का कमाएको छु।' २३ "त्यसका मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर, तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो।' २४ "एक सुनको सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, नरोपेको जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट बटुल्ने तपाईं कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो। २५ यसैले मलाई डर लाग्यो, र गएर तपाईंको सिक्का मैले माटोमुनि लुकाइराखें। हेर्नुहोस्, यो तपाईंको सिक्का लिनुहोस्।'

२६ "त्यसका मालिकले त्यसलाई जवाफ दिए, 'ए दुष्ट, अल्छे नोकर, नरोपेको ठाउँमा कटनी गर्छु, र ननिफनेको ठाउँबाट बटुल्छु भनेर तैंले जानेको

थिइस् भने, २७ तैंले मेरो धन साहूकहाँ राख्नुपर्नेथियो, र आएर मैले मेरो धन
ब्याजसमेत फिर्ता पाउनेथिएँ। २८ यसकारण त्यसबाट यो सिक्का खोस, र
जससँग दश सिक्का छ त्यसलाई देओ। २९ किनभने जससँग छ त्यसलाई
अरू दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ। तर जससँग छैन त्यससँग भएको पनि
त्यसबाट खोसिनेछ। ३० त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी अन्धकारमा
फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।' ३१ "जब मानिसको
पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय
सिंहासनमा बस्नेछ। ३२ र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी
गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई
एउटालाई अर्काबाट अलग गर्नेछ। ३३ उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र
बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। ३४ "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई
भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति
तयार गरिएको राज्यलाई अधिकार गर। ३५ किनभने म भोकाएको थिएँ,
तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन
दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। ३६ नाङ्गै थिएँ,
तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ।
झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।' ३७ "तब धर्मीजनहरूले उनलाई
जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान
दियौं? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? ३८ कहिले हामीले तपाईंलाई
परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र
लगाइदियौं? ३९ र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं, र
तपाईंकहाँ आयौं?' ४० "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै,
म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक
जनालाई जे-जति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ।' ४१ "त्यसपछि उनले
देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो! मबाट दूर होओ, र
दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ।
४२ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौ। तिर्खाएको थिएँ,
तिमीहरूले मलाई पिउन दिएनौ। ४३ म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय
दिएनौ। नाङ्गो थिएँ, र तिमीहरूले मलाई वस्त्र लगाइदिएनौ, बिरामी र
झ्यालखानमा थिएँ, र तिमीहरू मलाई हेर्न आएनौ।'

**४४ "तिनीहरूले पनि यसो भनेर जवाफ दिनेछन्, 'प्रभु, कहिले हामीहरूले तपाईंलाई भोकाएको वा तिर्खाएको देख्यौं, परदेशी वा नाङ्गो वा बिरामी देख्यौं, वा झ्यालखानमा देख्यौं, र तपाईंको सेवा गरेनौं?' ४५ "तब उनले तिनीहरूलाई जवाफ दिनेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे-जति गरेनौ, त्यो तिमीहरूले मेरो निम्ति गरेनौ।' ४६ "तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्'।"**

भविष्यको बारेमा जे विश्वास गर्छौं त्यसले बर्तमान जीवनलाई अत्यन्तै महत्त्वपूर्ण प्रभाव पार्न सक्दछ। हामीहरूको वर्तमान जीवननै भविष्यको आशासँग बाँचेको हुन्छ। जब हामी इमान्दारीपूर्वक भविष्यको बारेमा परमेश्वरले दिनुभएका प्रतिज्ञाहरूप्रति हामी स्वस्थरूपमा भरपर्दछौं तब हामीले दैनिक जीवनपद्धति कसरी अपनाउनुपर्छ भन्ने उत्प्रेणा पाउन सक्छौं। हामीहरूको सक्रिय जीवनमा त्यसले उर्जा प्रदान गर्छ। हामीमा त्यस्तो जीवन जिउने बल शक्ति, प्रतिवद्धता र उर्जा हुन्छ कि त्यसले अरूहरूको जीवनमा गहिरो प्रभाव र फरक पार्न सक्दछ।

**भविष्यमा आउनुहुने येशूको आशा र प्रतिज्ञाले वर्तमान जीवनमा हामीलाई कस्तो असर वा प्रभाव पार्न सक्छ? बर्तमान संसारमा पापले गर्दा अनेकौं किसिमले पीडित भएका मानिसहरूलाई हाम्रो औकात अनुसार सहयोग गर्नु आवश्यक छ र तिनीहरूबाट अलग भएर आफू धर्मात्मा छु भन्ने इजाजत के मत्ती २४मा उल्लेख गरिएको छ?**

## ३. आशाको पुनरुत्थान

येशू ख्रीष्टको दोस्रो आगमनको आशा इसाईहरूले गर्ने केवल भविष्यको उज्ज्वल आशामात्र होइन। येशू ख्रीष्टको साक्षात शारीरिक पुनरुत्थानले उहाँको आगमन निश्चय भएको महसुस सुरूका इसाईहरूले गरेका थिए। यदि तिनीहरूले देखे अनुसार येशू शारीरिकरूपमै मृतबाट जिइउठ्नुभयो भने उहाँ फेरि आउनुभएर यस संसारलाई पापबाट शुद्ध पार्नुहुनेछ र यस पृथ्वीलाई नयाँ गरि निर्माण गर्नुहुनेछ भन्ने निश्चियतामा तिनीहरू जागरुक भएका थिए। हेर्नुहोस्: "२० वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ। २१ किनकि जसरी मानिसबाट मृत्यु आयो, त्यसरी नै मृतकहरूको पुनरुत्थान पनि मानिसबाट नै

आयो। २२ किनकि जसरी आदममा सबै मर्दछन्, त्यसै गरी ख्रीष्टमा सबै जीवित पारिनेछन्। २३ तर हरेक आ-आफ्नै क्रमअनुसार– ख्रीष्टचाहिँ अगौटे फल, त्यसपछि उहाँको पुनरागमनमा ख्रीष्टका आफ्नैहरू। २४ तब अन्त्य आउनेछ, जब उहाँले हरेक शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्वर, अर्थात् पितालाई राज्य सुम्पिदिनुहुनेछ। २५ किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ। २६ सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो। २७ "किनभने परमेश्वरले सबै कुरा उहाँका पाउमुनि अधीनमा राख्नुभएको छ।" तर यो स्पष्ट छ, कि "सबै कुरा उहाँको अधीनमा राखिएको छ" भन्नाले परमेश्वर आफै त्यस अधीनतामुनि हुनुहुन्न, जसले सबै कुरा ख्रीष्टको अधीनमा राखिदिनुभएको हो।" (१ कोरिन्थी १५:२०-२७)।

पावलको निम्ति येशूको आगमनको मूल तत्व नै उहाँको पुनरुत्थान थियो। येशूको पुनरुत्थान नै उहाँको शिर्ष घट्ना थियो। यदि उहाँको पुनरुत्थान नभएको भए येशू प्रतिको आस्थाको औचित्य उनले देखेका थिएनन्: "यदि येशू ख्रीष्ट बौरि नउठ्नुभएको भए तिमीहरूको विश्वास तथा आस्था बेकारको हुनेथियो" (१ कोरन्थी १५:१७ रूपान्तरित)। ती शब्दहरूको बारेमा सोच्नुहोस्। हामी आशा गर्ने सबैको निम्ति येशूको पुनरुत्थान कतिको महत्त्वपूर्ण रहेछ भनेर पावलले जिकिर गरेका शब्दहरू स्पष्ट पार्दछ।

**१ कोरन्थी १५:१२-१९ पढ्नुहोस्। येशूलाई विश्वास नगर्ने तर उहाँको बारेमा चासो लिनेहरूलाई उहाँको पुनरुत्थान इसाई आशाको निर्णायक बिन्दु हो भनेर कसरी व्याख्या गर्ने? हेर्नुहोस्: "१२ मृतकहरूबाट ख्रीष्ट पुनरुत्थान हुनुभयो भनी प्रचार गरिन्छ भने कसरी तिमीहरूमध्ये कसै-कसैले मृतकको पुनरुत्थान हुँदैन भनी भन्न सक्छौ? १३ तर यदि मृतकहरूको पुनरुत्थान हुँदैन भनेता ख्रीष्ट पनि मृतकबाट पुनर्जीवित पारिनुभएको होइन। १४ यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ, र तिमीहरूको विश्वास पनि व्यर्थ हुन्छ। १५ त्यसभन्दा बढ़ी हामी परमेश्वरको बारे झूटा साक्षीहरू ठहरिन्छौं, किनकि उहाँले ख्रीष्टलाई मृतकबाट पुनर्जीवित पार्नुभयो भनी हामीले परमेश्वरको बारे गवाही दिएका छौं। तर साँच्चै मृतकहरूको पुनरुत्थान हुँदैन भने उहाँले ख्रीष्टलाई पुनर्जीवित पार्नुभएन। १६ किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता ख्रीष्ट पनि मृतकबाट जीवित पारिनुभएन। १७ ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ,**

**र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। १८ तब त ख्रीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्। १९ यदि यस जीवनको लागि मात्र ख्रीष्टमा हामीले आशा राखेका हौं भने हामी सबै मानिसहरूभन्दा बढ़ी दयनीय हुन्छौं।"**

जब पुनरुत्थान हुनुभएका येशूलाई देखे तब प्रथम चेलाहरूको जीवनमा आमूल परिवर्तन आएको थियो। हामीले अघि हेर्‍यौं कि येशूले चेलाहरूलाई सुसाचार सुनाउन सहरहरूमा पठाउनुभएको थियो। त्यही क्रममा तिनीहरूलाई परमेश्वरको राज्यको अनुभूति पनि दिन अऱ्हाउनुभएको थियो (मत्ती १०:५-८)। तर जब येशूको मृत्युभयो तब तिनीहरूको साहस धुजाधुजा भएको थियो र तिनीहरूको आशा छियाछिया भएको थियो। तर जब पछि सारा संसारमा सुसमाचार सुनाउन येशूले आदेश दिनुभयो (मत्ती २८:१८-२०) र पवित्र आत्माको आगमनले तिनीहरूले अत्यधिक उर्जा, जोश र बल पाए (प्रेरित २:१-४) तब तिनीहरू आफूहरूमात्र होइन संसारलाई उथलपुथल गर्न अग्रसर भए र उहाँको राज्य स्थापनाको अनुभूति तिनीहरूको जीवनले बताइदिए।

मृत्युको त्रास र शक्तिबाट आफूहरू स्वतन्त्र भएको अनुभूति भएपछि (जुनसुकै प्रक्रियाद्वारा मरेपनि त्यो मृत्यु केवल क्षणिक लोडशेडिङ्गमात्र हो भन्ने भावनाले उत्प्रेरित भएपछि) सुरूका विश्वासीहरू येशूको राज्यको नीति अनुसार चल्न र साहससाथ जुनसुकै जोखिममा पर्नुपरेतापनि उहाँको नाउँ फैलाउन सुरूका विश्वासीहरू चम्किन थालेका थिए ("३० मचाहिँ किन हरघड़ी जोखिममा परिरहेको छु। ३१ भाइ हो, हाम्रा प्रभु येशूमा तिमीहरूको कारण म गर्व गर्दछु, र म भन्न सक्तछु, कि प्रतिदिन म मर्दछु" १ कोरिन्थी १५:३०-३१)। मृत्यु ल्याउने तत्वले नै मानिसहरूलाई अनेकौं प्रकारले सास्ती, पीडा, सतावत, अन्याय, अत्याचार (धर्मकै नाउँमा भएतापनि), दरिद्रता, शोषण, थिचोमिचो, रोगव्याधी आदि ल्याउँदछ।

यद्यपि, येशूले मृत्युमाथि बिजय प्राप्त हुनुभएपछि मानिसले भोग्नु परेका ती सबै दुर्दशाहरूको एक दिन अन्त्य हुनेछ। "अन्तिम शत्रु जो मृत्यु हो त्यसलाई सदाको निम्ति नष्ट गरिनेछ।

**आखिरमा, हामीले अहिले जसलाई सहयोग गरेपनि केही समयपछि त्यसको अन्त हुनेछ (मदर टेरिसाले एक फेरा भन्नुभएको थियो, "तिमीले स्याहार गरेको बिरामी मर्छ भनेर तिमीलाई थाहा छ तैपनि स्याहार गर"-अनुवादकको थप टिप्पणी)। तैपनि संसारमा रहनुपर्दा भोगिरहनुपर्ने दुःखकष्टको तितो सत्यले**

**हामीलाई के सिकाउँदछ कि येशूको मृत्यु र पुनरुत्थानमामात्रै आशा राखेर जिउनुपर्छ भन्ने आत्मज्ञान अरूलाई सिकाउन किन जरुरी छ?**

## ४. न्याय आशाको एक केन्द्रविन्दु

**मानव जीवनको यथार्थतालाई लक्षित गर्दै उपदेशक ८:१४ले एक वास्तविक सत्यतालाई प्रस्तुत गरेको छ। त्यसलाई तपाईंले कुन कुन तरिकाले हेर्नुहुन्छ? हेर्नुहोस्: "संसारमा केही अर्को एउटा व्यर्थको कुरा हुँदैछः दुष्टले पाउनुपर्ने दण्ड धर्मीले पाउँछ, र धर्मीले पाउनुपर्ने इनाम दुष्टले पाउँछ। म भन्दछु, यो पनि व्यर्थ हो।"**

दुःख, कष्ट, पीडा, अनेकौं किसिमको बेथा, दवाब, वियोग आदि सहनु आफैमा असह्य त छ नै, तर अनावश्यकरूपमा अन्याय र अत्याचार भोग्नुपर्दा यस संसारको बेथितिलाई अचाक्लिनै मान्नु पर्दछ। अनावश्यकरूपमा बोक्नुपर्ने अर्थहिन दुःखकष्ट सोचे भन्दा भारि नै हुन्छ। कुनै पनि संसार जहाँ अन्याय र अत्याचार गर्नेको न्याय वा फैसला हुँदैन वा लेखाजोखा राखिएको हुँदैन त्यसलाई निर्दयी बिसङ्गती संसारको पराकाष्टा भनेर मान्नुपर्दछ। त्यसकारण एक जना नास्तिक लेखकले बिसौं शताब्दीमा मानिसहरूको अबस्था देखेर ठूलो शोक व्यक्त गरेका थिए, "आजको मानिसहरूको अवस्था कस्तो लज्जास्पद, विसङ्गति र निरर्थक छन्?" अन्याय गर्ने मानिसहरूको न्याय र लेखा नै यो संसार साँच्चिक्कै लज्जास्पद, बिसङ्गतिपूर्ण भएको र मानव जीवनको औचित्य नभएको जस्तै देखिन्छ।

तर उपदेशक ८:१४को क्रन्दन यो मानव जीवनको युगको अन्त होइन। संसारमा भइरहेको घोर अन्याय र अत्याचारको अन्त नभएकोमा आपत्ती जनाइएको र "व्यर्थ नै व्यर्थ" भनेर बिलाप गरे लगत्तै राजा सोलोमनले आफ्नो भावनालाई अचानक नयाँ मोडमा लान्छन्। अर्थहिन जीवनको शोक र बिलापको बीचमा उनले खास गरेर यो भन्दछन्: *केही समय पर्ख, परमेश्वरले न्याय गर्नुहुनेछ। सबै कुरो निरर्थक छैन। साँच्चै भनौं भने अब सबै थोक र प्रत्येक व्यक्तिको अस्तित्वको अर्थ हुन जानेछ।*

**अहिले नै यस संसारमा हामी जे गर्छौं त्यो किन महत्त्वपूर्ण छ भनेर उपदेशक १२:९-१४ले कसरी प्रष्ट पारेको छ? हेर्नुहोस्: " ९ उपदेशक बुद्धिमान् मात्र थिएनन्, तर तिनले मानिसहरूलाई ज्ञानका कुरा पनि सिकाए। तिनले आफ्नो मनमा विचार गरे, अनि धेरै उखानहरू यथोचित क्रममा राखे।**

१० उपदेशकले ठीक-ठीक शब्दहरू खोजेर निकाले, अनि जे तिनले लेखे, ती सोझा र सत्य थिए। ११ बुद्धिमान्का वचनहरू गोठालाको लाठोझैं छन्, र तिनीहरूले सङ्कलन गरेका भनाइहरू दह्रिलो प्रकारले ठोकेका किल्लाहरूझैं छन्, जो एउटै गोठालाबाट दिइएका हुन्। १२ ए मेरा छोरा, तिनमा थपेका केही कुराबाट होशियार बस। धेरै पुस्तकहरू बनाउने कामको अन्त्य हुँदैन। अनि धेरै अध्ययनले शरीरलाई थकाउँछ। *१३ अब सबै कुरा सुनिएका छन्– कुराको निष्कर्ष यही हो। परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर। किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो। १४ किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ।*

एक दिन परमेश्वरले सबैको न्याय गर्नुहुनेछ भन्ने आशा नै यो जीवन र यो संसारको अस्तित्वको औचित्य भएको देखाउँदछ। परमेश्वरको स्वभावको केन्द्रविन्दु न्याय हो। अहिलेको अवस्थामा परमेश्वरले सृष्टि गर्नुभएको र प्रेम गर्नुभएको संसारमा हामी रहि नै रहौं भनेर बाइबलले जिकिर गर्दछ। गलत दिशामा गएको यस संसारलाई पुनर्स्थापना गर्ने परमेश्वरले योजना बनाइरहनुभएको छ र त्यो योजना येशूको जन्म र मृत्युले खुलासा गरेको छ भनेर बाइबलले बताउँछ। यस संसारलाई ठिक स्थानमा ल्याउन परमेश्वरको न्यायले निर्णायक भूमिका खेल्नेछ। आज मानिसहरू मानिसहरूबाटै भोगिरहेका अन्याय, अत्याचार, हिंसा, आतङ्क, लुटको मारमा परेका, शोषित वर्ग, अनेकौं पीडा र कष्ट भोगिरहेका, अछुत वा तल्लो जात भनेर पाखा लगाइएका, दरिद्र भनेर धनीको आँखाको अगाडि कसिङ्गर बनेका आदि जनहरूको निम्ति न्यायको प्रतिज्ञा यथार्थ असल समाचार नै हो भनेर मान्नुपर्दछ।

**अहिले नै न्यायको निम्ति युगौंसम्म व्यथा भोगिरहेका हामी मानव प्राणीको निम्ति परमेश्वरको स्वभाव अनुसार न्याय गरेर सबै थोक व्यवस्थित गर्नुहुनेछ भन्ने बाइबलको बाचालाई तपाईंले कसरी लिनुहुन्छ? त्यसबाट हामीले कस्तो आशा राख्न सक्छौं?**

## ५. आँशु र पीडा हुनेछैन

**यही पुनसृष्टि गरिएको पृथ्वीमा जब येशूले आफ्नो शासनको अभिभारा सम्हाल्नुहुनेछ र झुठको खेती गर्ने शैतानलाई परास्त गरेर यो पृथ्वीको सही राजा हुनुहुनेछ तब त्यसबेलाको संसार कस्तो हुनेछ भनेर प्रकाश २१:१-७ र**

प्रकाश २२ः१-६मा दिएको वर्णनलाई कल्पना गर्नुहोस्। पाप, मृत्यु, पीडा र आँशुबिनाको संसार कल्पना पनि गर्न किन गाऱ्हो? हेर्नुहोस्ः " १ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्‍वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्‍ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्‍वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्‍वर आफै तिनीहरूका परमेश्‍वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" ५ सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्‍नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्‍नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।" ६ उहाँले मलाई भन्‍नुभयो, "अब सिद्धियो। म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य म नै हुँ। तिर्खाउनेहरूलाई जीवनका पानीको फुहाराबाट म सित्तैंमा दिनेछु। ७ जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्‍वर हुनेछु, र त्योचाहिँ मेरो छोरो हुनेछ।" र " १ तब तिनले मलाई स्फटिकजस्तै चहकिलो जीवनका पानीको नदी देखाए। त्यो नदी परमेश्‍वरको र थुमाको सिंहासनबाट निस्केर २ त्यस सहरका सड़कको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष थियो, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो। त्यसका पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नका निम्ति थिए। ३ अबदेखि उसो त्यहाँ कहिल्यै सराप हुनेछैन। परमेश्‍वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्। ४ तिनीहरूले उहाँको मुहार देख्नेछन्, र उहाँको नाउँ तिनीहरूका निधारमा हुनेछ। ५ त्यहाँ फेरि रात हुनेछैन, तिनीहरूलाई बत्ती वा घामको उज्यालो चाहिनेछैन, किनकि परमप्रभु परमेश्‍वर नै तिनीहरूको उज्यालो हुनुहुनेछ, र तिनीहरूले सदासर्वदै राज्य गर्नेछन्। ६ तिनले मलाई भने, "यी वचन भरपर्दा र सत्य छन्। अब चाँड़ै हुन आउने कुराहरू आफ्ना दासहरूलाई देखाउन परमप्रभु, अगमवक्ताहरूका आत्माका परमेश्‍वरले आफ्ना स्वर्गदूत पठाउनुभयो।"

पाप पछिको हाम्रो जीवन कस्तो अचम्म र महिमित हुनेछ सो हामीले सोच्नै नसकिने वर्णन बाइबलले प्रस्तुत गरेको छ। हाम्रो निम्ति के पर्खिरहेको छ सो हामी कल्पना पनि गर्द सक्दैनौं। नयाँ पृथ्वीमा के हुनेछैन र के हुनेछ

भन्ने कुरा केही हदमामात्र ती पदहरूले बताउँदछ। जब यस पृथ्वीको पुननिर्माण गरिनेछ तब त्यहाँ पीडा, दुःख, कष्ट, मृत्यु, त्रास, अन्याय, अत्याचार, दरिद्रपना कसरी हुनेछैन भन्ने कुरो हाम्रो सोचभन्दा टाढाको विषय हो।

मानिसलाई पीडादिने ती थोकहरूमात्र नहुने होइन थपिएका यी कुराले हाम्रो व्यक्तिगत जीवनलाई नै छोएको हुन्छः "तिनीहरूका आँखाहरूबाट प्रत्येक आँशु पुछि दिनुहुनेछ" (प्रकाश २१:४)। मानव इतिहासभरि कष्ट पाइरहेका मानिसहरूप्रति परमेश्वरको करुणा कस्तो चरमविन्दुमा पुग्नेरहेछ भनेर उक्त एक वाक्यले देखाउँदछ। तर कसको आँशु त? परमेश्वरबाट मुक्ति पाएकाहरू र त्यही मुक्तिको स्वाद चाखेर नमरुञ्जेल आस्थावान र निष्ठावान भएकाहरूको लागि त्यो उच्चारण गरिएको हो। परमेश्वरले तिनीहरूको दुःखकष्ट निवारणमात्र गर्नुहुन्न तिनीहरूको आँशु उहाँको आफ्नै हातले पुछिदिनुहुनेछ रे! पापले गर्दा क्षतबिक्षत भएको र तितरबितर भएको जीवन, यस संसारमा भइरहेको अन्याय, आतङ्क र वियोगले सताइरहेका मानिसहरूको जीवन अन्त्य हुने प्रक्रियामा छ भनेर प्रकाशको पुस्तकले बताउँदछ। हामी सबै जना कुनै न कुनै प्रकारले पापको शिकार भएका छौं। त्यस नयाँ संसारमा हुने जीवनको रूखको बारेमा चर्चा गर्दै यूहन्नाले भन्दछन् "ती रूखका पातहरू राष्ट्रहरूको बीचमा भएका घाऊहरू निको पार्न प्रयोग गरिनेछ" (प्रकाश २२:२ रूपान्तरित)। यस संसारमा मानिस भएर अनुभव गर्नुपरेको भावनाहरू र दुष्टसंसारमा सहभागि हुन पुगि यहाँ भइरहेका अन्याय, अत्याचार आदि देखिरहनु भएको परमेश्वरले सबै कुरा बुझ्नुहुन्छ भन्ने प्रत्याभूति प्रकाशको पुस्तकले छर्लङ्ग देखाउँछ। हामी प्रत्येकमा भएका कुनै न कुनै किसिमको चोट र घाऊलाई निको पारि यस संसारको पुननिर्माण (जिर्णोद्धार होइन) गर्ने परमेश्वरको योजना छ।

त्यो समय नआउञ्जेल येशूका भक्त हुँ भनेर दावी गर्ने प्रत्येक भक्तलाई जीम्मेवारी सुम्पिएको छ। हामी सानो होऔं वा ठूलो होस्, बलबान होऔं वा कमजोरी हामीहरूको दक्षता र शक्ति अनुसार हाम्रो वरिपरि रहेका अभावमा परेकाहरूको सेवा गर्न येशूले हामीलाई आह्वान गर्नुहुन्छ। धन दौलतले मात्र होइन, दुःखी हृदय भएकाहरूलाई दयाका शब्दहरू प्रयोग गरेर, घरमा कसैलाई खाना खान बोलाएर, औषधी उपचारमा सहयोग गरेर, लुगाफाटा दिएर, सरसल्लाह दिएर आदिद्वारा हामीले हामीभन्दा दुःख पाएकाहरूलाई सहयोग गर्न सक्छौं। तर त्यस प्रकारको सहयोग गर्न हामीमा निस्वार्थी भावना हुनुपर्छ, आफ्नो भाऊ खोज्ने प्रवृत्तिबाट हट्नुपर्दछ, अरूलाई

उचाल्न स्वार्थत्यागको प्रेमले प्रेरित हुनुपर्छ। यी सबै गुणहरू हाम्रो प्रभु येशूले यस संसारमा हुँदा देखाउनुभएको थियो।

निःसन्देह हामीहरूको कठोर प्रयासको बाबजुद पनि यस पृथ्वी झन झन दुष्ट, आतङ्क, अन्याय, अत्याचार आदि बढ्दै जानेछ। येशूलाई त्यो थाहा थियो। त्यो सत्य थाहा पाएर पनि उहाँले अरूको सेवा गर्न रोक्नुभएन र हामीले पनि रोक्नुहुन्न।

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखितः** *द आक्टस अभ आपोस्टलसको* पृ. ३०९-३२२को अध्याय "कलिङ्ग टु रिच अ हाइयर स्टान्डर्ड" र *द ग्रेट कन्त्रोभर्सीको* पृ. ६५३-६६१को "डेसोलेसन अभ द अर्थ" पढ्नुहोस्।

"बन्धनमा परेका आफ्ना जनहरूतिर जब परमेश्वरको आवाज फर्किन्छ तब यस जीवनको महान् द्वन्द्वमा गुमाइएकाहरूको माझमा भिषण जागरणको अभियान सुरु हुनेछ। जब समय थियो र अवसर दिइएको थियो तब तिनीहरू अन्धो भएर शैतानको धोकापूर्ण कामलाई रुचाए। तिनीहरूको पापका कुकृत्यहरू न्यायोचित भएको तिनीहरूले ठहऱ्याइएका थिए। आफूभन्दा कमजोरहरूलाई दमन गरेर धनी तथा शक्तिसम्पन्न भएर तिनीहरू भन्दा उच्च र प्रतिष्ठित हुन पाएकोमा गर्ब गरेका थिए, तिनीहरूले परमेश्वरको व्यवस्थालाई उलङ्घन गरेर धनी तथा प्रतिष्ठित भएका थिए। भोकाएकाहरूलाई ख्वाउन, नाङ्गोहरूलाई लुगा लगाइदिन, न्यायपूर्वक व्यवहार गर्न र करुणालाई प्रेम गर्न तिनीहरूले वेवास्ता गरेका थिए। यो संसारका रमझम, रमाइलो र धनको निम्ति तिनीहरूले आफ्ना आत्माहरूलाई बेचेका थिए। तर तिनीहरू परमेश्वरतिर धनी हुन खोजेका थिएनन्। त्यसको फलस्वरूप तिनीहरूको जीवन असफल भएको थियो। तिनीहरूको मोजमज्जा अब तिनीहरूको निम्ति चुक अमिलो जस्तो भयो र तिनीहरूको धनसम्पत्ति नाश हुनेभएको थियो।"- एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी पृ. ६५४बाट रूपान्तरित।

"येशू र शैतानको बीचमा भइरहेको महान् अन्तर्द्वन्द्व वा विवाद सकियो। पाप र पापीहरूको अस्तित्व अव रहेन। सारा जगत नै सफा भयो। तालमेलको धड्कन र हर्षोउल्लासका गर्जनले सारा सृष्टि गुञ्जिन्छन्। असिमित ब्रम्हान्डभरि सर्वसृष्टिकर्ताबाट जीवन, ज्योति र हर्ष बहन्छन्। सुक्ष्म अणुदेखि संसारमा भएका भयानक बस्तु, सबै थोक चाहे जीवित होस् वा अजिवित होस् तिनीहरूको सौन्दर्यतालाई प्रदर्शन गरि सिद्ध आनन्दसाथ परमेश्वर प्रेम हुनुहुन्छ

भनेर घोषणा गरिनेछ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६७८बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) यस संसारमा हामीहरूको जिउनुको औचित्य छ भनेर यस अध्यायले तपाईंलाई कसरी देखाएको छ? परमेश्वरले सबै थोक नाश गरेर फेरि पुनसृष्टि गर्नुहुनेछ त्यसकारण हाम्रो बर्तमान जीवन र यस संसारको बारेमा चिन्ता गर्नुपर्दैन भन्ने कतिपय मानिसको धारणासँग यस अध्यायको पाठ कसरी बाझ्छ? आखिरमा परमेश्वरले सबै थोक ठिक पारिहाल्नुहुनेछ नि भन्ने नयाँ अस्तित्वलाई विश्वास गर्ने क्रममा आवश्यक परेकाहरूको वास्ता गर्नु बेकार छ भन्ने धारणाको पासोमा नपर्न हामीले के गर्नुपर्छ? अझ झन खराब त परमेश्वरले सबै थोक ठिक पारिहाल्नुहुन्छ भन्ने सत्यलाई अङ्गाल्दै अरूको शोषण गर्ने प्रवृत्तिबाट कसरी जोगिने?

आ) जब येशूको आगमन नजिक हुँदै गर्छ तब दुष्ट, आतङ्क, पीडा, रोगव्याधी, पाप अधर्म र समस्याहरू चर्को रूपमा बढ्नेछन् भनेर बाइबलको भविष्यवाणीले बताउँछ भनेर सेभेन्थ-डे एडेन्टिस्टहरू जिकिर गर्दछन्। जब ती घट्नाहरू हुन्छन् तब हामी प्रायजसो मत्ती २४ अध्यायलाई औंल्याउँछौं। तर ती वियोगका घट्नाहरूलाई मत्ती २५ अध्यायको परिवेशमा कसरी हेर्छौं? (अर्थात् ती सबै थोक त हुनेछन् तर त्यसप्रति हाम्रो जीम्मेवारी के छ भनेर खुलाइएको मत्ती २५लाई हामीले कसरी बुझ्ने?-अनुवादकको थप जिज्ञासा)।

**सारांश: यस** संसारमा भइरहेका राक्षसी वा दुष्टताको बिगिबिगि भइरहेको परमेश्वरले सधैं हेरिरहनुहुन्न। येशूको दोस्रो आगमनले पाप र दुष्टको अन्त्य, अन्याय अत्याचारको मारमा परेकाहरूको चङ्गाई र हुनुपर्ने संसारलाई फेरि पुननिर्माण गर्नु हुनेछ भन्ने महान आशा बाइबलले बताउँदछ। येशूको पुनरुत्थानमा आधारित यस आशामाथि विश्वास गर्ने सबै अनुयायीहरूको जीवनमा आमूल परिवर्तन वा कायाँ पलट हुन्छ र अरूको सेवा गर्न साहस प्रदान गर्दछ। जब हामी येशूको आगमनको पर्खाइमा रहिरन्छौं मत्ती २५का अर्तीकथाहरूले अनुसार हामीलाई चुपचाप बस्न नदिएकोले हामी अरूको सेवामा सक्रिय भएर काम गर्दछौं।

## कथा ११
## जब परिवारमा विपत्ति आउँछ
## जोलीराबो, ६७, फिजी

फिजी देशको बिमा कम्पनीको कर्मचारी जोलीले आफ्नो अस्पतालको शैयाबाट आँखा उचालेर माथि हेर्छ। आँखाभरि आँशु झारिरहेकी आफ्नी काकीलाई उसले हेर्दछ।

"बाबु, तिमीले त्यो चर्च छोड्नै पर्छ। त्यस चर्चलाई हाम्रो गाउँमा नल्याउनु। यो त तिमीलाई सराप लागेको छ। यदि हाम्रो गाउँमात्यो त्यो चर्चको नयाँ शिक्षा भित्रायौ भने अझ धेरै अनिष्ट हुनेछन्। तिमी अर्कै दिनमा तिम्रो परमेश्वरको आराधना गर। शनिबार तिमी आराधना गर्छौं, त्यो गलत हो। अब त्यसकै नतिजा तिमीले अहिले भोगिरहेका छौ" उनले जोलीराबोको शिरमा हात राखेर यी कुरा भनेकि थिइन्। जोलीराबो पट्टी बाँधेको आफ्ना हातपाखुराहरूमा हेर्दछन्। दुवै हातहरू कार दुर्घट्नाले भाँचिएका थिए। उसका दुई भतिजाहरू त्यही दुर्घट्नामा मारिएका थिए। जब जोली सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लियो, तब उसले फिजी देशको आफ्नो गाउँ नाबुसिवामा नयाँ विश्वास कसरी भित्राउने भनेर उसको हृदय जलिरहेको थियो। तर जब जोलीले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएर आफ्नो गाउँ आए तब धेरै मानिसहरू ऊदेखी रिसाएका थिए। उसका धेरै आफन्तहरू अर्कै सम्प्रदायका इसाईहरू थिए। तैपनि जोलीले सुसमाचार प्रचार सभाहरू चलायो र १० जना मानिसहरूले बप्तिस्मा लिएका थिए। अनि चर्च बनाउन उसले जग्गा किन्यो। नयाँ चर्च भवन बनाउने जग्गाको झारपात सफा गर्न चर्चका नयाँ विश्वासीहरूलाई एक दिन उसले डाक्यो।

जग्गा सफा गर्ने एकदिन अघि जोलीले आफ्नो २७ वर्षको भतिजालाई बिहान सबेरै नाडी एयरपोर्टमा लग्दै थियो। उसको साथमा भतिजाकी आमा र उसका दुई कान्छा भाइहरू र आफ्नै १३ वर्षको छोरो पनि थियो। ऊ सुबारु सिडान कार चलाउँदै थियो। बिहान ४बजेतिर जोली कार हाँक्दा हाँक्दै निदायो र कार सडकबाट बाहिर चिप्लियो। उसको २७ वर्षको भतिजा र उसको १६ वर्षको भाईको घट्नास्थलमा नै मृत्यु भयो। तिनीहरूको आमा, र अर्को १३ वर्षको भतिजो भने गम्भिर चोटले अस्पतालमा भर्ना भएका थिए। जोलीका हातपाखुराहरू भाँचेएका थिए। आफ्नो छोरो भने जसोतसो गरेर बच्यो।

जोलीकी काकी अस्पतालमा आएर एडभेन्टिस्ट चर्च बनाउने योजना रद्द गर्नै पर्छ भन्न आएकी थिइ। जोलीले आफ्नो खाटबाट माथि हेऱ्यो।

"काकी, तपाईंको एउटामात्र छोरो छ। यदि तपाईंको छोरो एक दिन एडभेन्टिस्ट भयो भने तपाईंको छोरोको निम्ति म मर्नु परेतापनि म परमेश्वरलाई धन्यवाद दिनेछु" आफ्नो पीडालाई भुल्दै जोलीले जवाफ दियो। उसको काकी आँखाभरि आँशु पारेर रेर फर्किन्।

जोली विश्वस्त भएर बोलेतापनि चर्च बनाउने काममा ऊ निश्चित भएन। एक महिनासम्मको अस्पतालको बासमा ऊ प्रार्थना गर्दै रह्यो, "हे प्रभु, मलाई थाहा छैन मैले तपाईंको काम गरिरहेको छु कि छैन।"

तर जब ऊ अस्पतालबाट निस्क्यो तब चर्च बनाउने कुरामा उसलाई कुनै शङ्का भएन। दिदि एलेन जी ह्वाइटले भने जस्तै उसले यो भन्न सकेको थियो, "सहिद हाबेलको समयदेखि परमेश्वरका जनहरूको निम्ति दुःखकष्ट जीवनको अभिन्न भाग हुन पुगेको छ। सत्य परमेश्वरको निम्ति र उहाँका आज्ञाहरू पालन गर्नुपर्दा पूर्खाहरूले धेरै दुःख पाएका थिए। चर्चको उच्च शिरले हाम्रो निम्ति कष्ट पाउनुभयो। उहाँका पहिला चेलाहरू र सुरूका चर्चले अत्यन्तै कष्ट भोगेका थिए। येशूका करौडौं विश्वासीहरू सहीद भए र सुधारवादी इसाईहरूले पनि दुःखकष्ट पाए। त्यसकारण हामी किन यस जीवनमा आउने र दुःखकष्टदेखि खुम्चिने? हामीलाई अनन्त जीवनको आशाको आशिष छ र संसारका सबै कुराहरू येशूको सिघ्र आगमनमा पग्लिएर जानेछ।" (टेस्टिमोनिज फर द चर्च, ठेली १, पृ. ७८बाट रूपान्तरित)।

सुसमाचार फैलाउने काममा दुःख पाइन्छ भनेर जोलीले महसुस गऱ्यो। जब परमेश्वरको काम गरिन्छ तब शैतानलाई रिस अत्यन्तै उठ्छ। तर त्यहाँ एक महिनाभित्रै चर्च खडा भयो।

आफ्नो गाउँमा चर्च खडा भएको देखेर जोली खुशी भयो। तर अर्को चर्च पनि खडा गर्न उसले चाह्यो। यसबेला त्यो चर्च किउभा भन्ने अर्कै गाउँमा खडा गर्न उसले चाहेको थियो। तर चर्च निर्माण गर्ने कार्यक्रममा कसैको घरमा पनि विपत्ती आओस् भन्ने उसले चाहेको थिएन। त्यसकारण ऊ र चर्चका अरू विश्वासीहरू मिलेर प्रार्थना गर्ने र हप्ताको दुई दिन उपवास बस्ने निर्णय भयो। अनि तिनीहरूले घर घरमा गएर सुसमाचार प्रचार गर्ने निर्णय पनि गरे।

जोलीले हरेक दिन यसरी प्रार्थना गऱ्यो, "प्रभु, सुसमाचार प्रचार र चर्च बनाउने निर्णय गर्दा मेरो आफ्नै गाउँमा नराम्रो घट्ना भयो। अब सुसमाचार अर्को गाउँमा लैजाँदैछु। पहिलाको जस्तो खराब अनुभवतिर मलाई नडोऱ्याउनुहोस्। म जे गर्छु त्यो सबैमा तपाईंको अगुवाई होस् र पहिलाको जस्तो नराम्रो अनुभव दोहोरिन नदिनुहोस्।"

जोलीलाई अचम्म लाग्ने गरी एक जना गाउँलेले एडभेन्टिस्टलाई मन पराएकोले उसले आफ्नो घरमा साबथ सेवा चलाउन आग्रह गऱ्यो। पछि ती गाउँलेले चर्च बनाउन आफ्नो जग्गा उपलब्ध गरायो।

प्रार्थना र उपवासले त्यस गाउँमा चर्च स्थापना गर्न सजिलो भएको थियो भनेर जोलीले आफ्नो अनुभव सुनायो।

अनि ऊ तेस्रो गाउँ बुरुटुमा गयो। ऊ र चर्चका विश्वासीहरूले प्रार्थना गरे र उपवास बसे। जब गाउँको प्रमुख र उनको परिवारले बप्तिस्मा लिए तब जोलीको हर्षको सिमा नै रहेन।

तर चर्च निर्माण गर्नुभन्दा पहिले फेरि अर्को बिपत्ती आयो। मधुमेहले गर्दा गाउँको प्रमुखको मृत्यु भयो। उनी एडभेन्टिस्ट भएकोले उनलाई सजाय दिइएको हो भनेर गाउँलेहरूको बीचमा कुरा काटे।

एडभेन्टिस्ट चर्चको काममा आक्रमण गर्न शैतानले गाउँप्रमुखको मृत्युलाई प्रयोग गऱ्यो भनेर जोलीले भन्यो। तर एक महिनाभित्र चर्च निर्माण हुन्छ भनेर उसमा विश्वास थियो।

गाउँमा परमेश्वर हार्नुहुन्न भनेर जोलीले विश्वास गऱ्यो। गाउँको नजिकै जोलीसँग यी लेखकले अन्तर्वार्ता लिने क्रममा उसले आफ्नी काकीसँग उनको छोराको निम्ति आफू मर्न तयार छु भनेर भनेको कुरा पुनः सम्झेको थियो। उनको छोरो र उनका चारै जना छोराछोरीहरूले बप्तिस्मा लिए र एडभेन्टिस्ट भए।

"जब म मेरी काकीको घरमा उनी मर्नुभन्दा अघि पुगेँर उनको एउटामात्र छोरोलाई सुसमाचार सुनाएकोमा मलाई धन्यवाद दिइन्। सबै थोक परमेश्वरको नियन्त्रणमा छ" जोलीले संतुष्ट भएर भन्यो।

*-आन्ड्रयु मेकचेस्नी*